नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७४।०५।१४

## प्रेस विज्ञप्ति

"राज्यमन्त्रीकै गाडीमा फर्जी नम्बर" भन्ने शिर्षकमा मिति २०७४ भदौ १३ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचारमा उल्लेख भएजस्तो माननीय गृह राज्यमन्त्री श्री श्याम कुमार श्रेष्ठज्यूले हुलाक सेवा विभागको नाममा रहेको बा. १ झ १००९ नम्बरको फर्जी सवारी साधन प्रयोग गर्नु भएको छैन । माननीय गृह राज्यमन्त्रीज्यूले गृह मन्त्रालयकै नाममा रहेको बा. २ झ १०७७ र बा. १ झ ६४०७ नम्बरको सवारी साधन प्रयोग गरी रहनु भएको छ ।

माननीय गृह राज्यमन्त्रीज्यूको मानमर्दन हुने गरी कान्तिपुर जस्तो राष्ट्रिय दैनिकमा कपोलकल्पित, तथ्यहीन र भ्रामक समाचार प्रकाशन हुनु अत्यन्त दुःखद विषय हो । यस्तो कपोलकल्पित, भ्रामक र तथ्यहीन समाचार प्रकाशित नगर्न/नगराउन तथा कुनै पनि समाचार प्रकाशित गर्नुपूर्व सम्बन्धित व्यक्ति/निकायसँग सम्पर्क गरी प्रमाणित समाचार मात्र प्रकाशित गर्न गराउन कान्तिपुर राष्ट्रिय दैनिक लगायत सम्पूर्ण सञ्चार जगतलाई गृह मन्त्रालय हार्दिक आग्रह गर्दछ ।

(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता